# हकरदेखि पत्रकारसम्मको यात्रा

लीलानाथ गौतम

## घर छोडेपछि ...

स्कूले जीवनको अन्त्यपछि घरायसी भरथेगमा क्याम्पस पढ्न सक्ने अवस्था थिएन । त्यसैले वि.सं. २०५४ को एसएलसी परीक्षा सकिएको दुई दिनपछि नै घर छोडेँ । एसएलसी पास गरेलगत्तै चैत २३ गते पहिलोपटक घर छोड्दा क्याम्पस पढ्छु भन्ने भिनो आशा र विश्वास थियो । स्कूले जीवन अन्त्य गरी जीवनको नयाँ अध्यायमा प्रवेश गरेको अनुभूति र त्यससँगै मनमा उत्पन्न अनेक तरंग लहरिएका थिए । होसविनाको युवा जोश र उत्साह पनि साथमै थिए । त्यो दिन बितेको आज लगभग १४ वर्ष पुग्न लागेछ । सुरुआती जोश र उत्साह पछि बालुवामा पानीको थोपा बिलाएझैँ बिलायो, तर जीवन आशै-आशमा चल्दै छ ।

ट्याक्टरमा गिटी-बालुवा लोड/अनलोड गर्दै भविष्यमा सफल ड्राइभर बन्ने सपना देख्नु, होटलमा निम्नस्तरको भनिएको काम गर्दै आफैँ पनि होटल मालिक भएको कल्पनामा हराउनु, हिँडाइको पहिलो दुई महिनाको अनुभूति थियो । एसएलसीको रिजल्ट आयो, दोस्रो श्रेणीमा पास भइयो । क्याम्पस कसरी पढ्ने भन्ने चिन्ताले छोडेको थिएन । चिन्तैचिन्ता र दुई/अढाइ महिनाको परिश्रमले भरिएको खल्ती बोकेर घर फर्किएँ ।

*मिडिया अध्ययन* ७ : ३०५-३२१ २०६९

वर्षे खेतीको चटारो, जताततै बाढी-पहिरोको त्राससँगै चाडपर्वको नजिकिँदो चहलपहल र परदेशिएकाहरूको आगमन सुरु भयो । अनिश्चित र दिशाहीन यात्राका लागि हतारिएका पाइलाहरूले घर छोड्न मानेनन् । तर त्यो धेरै दिन टिकेन । दसैँको पूर्णिमाको तेस्रो दिन दोस्रो पटक घरबाट फेरि भागेँ । घरबाट निस्कँदा काठमाडौँ जान्छु भन्ने थियो । तर त्यहाँ गएर कहाँ बस्ने र के गर्ने भन्ने थाहा थिएन । जे पर्छ, त्यही टर्छ भनेर घर छोडियो । घर छोड्दा, परिवार तथा गाउँमा कसैलाई नभने पनि सिन्धुली बजारसम्म (गाडी चढ्ने ठाउँ) साथमै आएका काका नाता पर्ने (उमेरले मभन्दा कान्छा) जोगप्रसाद गौतमलाई बेलुका आफू घर नफर्कने र काठमाडौँ जाने कुरा बताएँ । उहाँले जसरी पनि घर फर्काउने कुरा गर्दै मलाई भुलाउनकै लागि चलचित्र देखाउन हलतिर लैजानुभयो । हलभित्र बसेर भुवन केसी नायक भएको *करोडपति* फिल्म हेर्दै गर्दा ममा घर फर्कने होइन, जसरी पनि काठमाडौँ जाने इच्छा पलायो । हलबाट ३ बजेतिर बाहिर निस्कँदा काठमाडौँका लागि रात्रिसेवाको 'ममता ट्राभल्स' छुट्नै लागेको थियो । साथमा थियो, १५० रुपैयाँ । सय रुपैयाँको टिकट किनेँ । पचास रुपैयाँ बोकेर काकालाई 'बाई' गर्दै एक्लै बस चढेँ ।

भोलिपल्ट काठमाडौँ उत्रिएपछि एक महिना के-के गरियो ? त्यसको लामै कथा बन्छ, त्यसैले उल्लेख नगरौँ । पहिलोपटक तिहार रोएरै बित्यो काठमाडौँमा । त्यसभन्दा अघि कहिल्यै पनि बुबा-आमा, दाजुभाइ, दिदी-बहिनी तथा घरपरिवार र आफन्तको अभाव महसुस गरेको थिइनँ । लगभग एक महिना बिताएर काठमाडौँ छोडेपछि जनकपुर र वीरगञ्ज हुँदै लगभग तीन वर्षपछि वि.सं. २०५७ सालको मध्यतिर दोस्रो पटक पुनः काठमाडौँ प्रवेश गरेँ । त्यसपछि सुरु भयो, पत्रपत्रिकातिर भविष्य खोज्ने मेरो संघर्ष ।

## हकर व्यवसायमा प्रवेश

क्याम्पस तहको पढाइ सुरु गर्नु तथा केही सीपमूलक काम सिक्नु मेरो उद्देश्य थिएन, जहाँ पुगिन्छ त्यहाँ बाँच्ने आधार खडा गर्नु पहिलो चुनौती थियो । कार्यअनुभव र क्षमताको हकमा कुटो-कोदालो गर्ने र नाम्लो बोक्नेबाहेक कुनै दक्षता थिएन । म जस्ताका लागि भनेजस्तो सहरिया जागिर पाउनु प्रायः असम्भव नै थियो । आम्दानीको स्रोत केही नभए पनि काठमाडौँमा भान्दाइहरू उदय देवकोटा र भुवन देवकोटाको साथमा उहाँहरूकै कमाइ खाएर बसेको थिएँ । उहाँहरूले कुनै जागिर खोजिदिनुहुन्छ कि भन्ने आशले काठमाडौँ आएको थिएँ । उदय दाइ सरकारी कर्मचारी (नासु) हुनुहुन्थ्यो भने भुवन दाइ एक निजी

अफिसमा काम गर्नुहुन्थ्यो । दाइहरूले मलाई जागिर खोजिदिने कोसिस त गर्नुभयो तर कुनै सीप नभएको म जस्ताका लागि भनेजस्तो जागिर भेटिएन । उहाँहरूकै नातेदार पर्ने भरतमणि आचार्य पत्रिका बेच्ने काम गर्नुहुँदो रहेछ । तिनै भरतमणिसँग भेट गराएर जागिर नभेटेसम्म मलाई पनि पत्रिका बेच्न सल्लाह दिनुभयो । पत्रिका कहाँ पाइन्छ र कसरी बेच्ने भन्नेबारेमा भरतमणिले सामान्य जानकारी दिनुभयो । एक दिन उहाँसँगै पत्रिका बेचेको हेर्न गएँ । गर्नसक्छु जस्तो लाग्यो । त्यसपछि दाइहरूकै सल्लाह र भरतमणिको सहयोगमा म पहिलोपटक हकरको रूपमा सडकमा उत्रिएँ । सुरुमा त अप्ठ्यारो लागेको थियो । समाचार बारम्बार हेर्नुपर्ने र कराउँदा अक्मकाउने समस्या थियो । तर कराउँदै हिँडेपछि बानी हुँदो रहेछ । पछि समस्या हटेर गयो ।

सडक-सडकमा 'आयो ताजा खबर' भन्दै दौडनु सुरुआती दिन थिए । राजधानीबाट बेलुकीपख प्रकाशित सन्ध्याकालीन पत्रिकाहरू रोजीरोटीका आधार थिए । तिनै पत्रिकाको 'नाम जत्रै साइज'को हाराहारीमा लेखिएका समाचारको शीर्षकलाई तोडमोड पारेर कराउँदै हिँड्नु मेरो दैनिकी थियो । चण्डेश्वरी प्रकाशनद्वारा प्रकाशित *सन्ध्याकालीन* दैनिक पत्रिका १० प्रति बोकेर बेलुकी ४ बजेतिर गौशाला प्रहरी चौकीअगाडिबाट म पहिलो पटक पशुपति मन्दिर तथा वृद्धाश्रम आसपास कराउँदै हिडेको थिएँ । उक्त पत्रिका चण्डेश्वरी प्रकाशनकै एक जना डिस्ट्रिब्युटरले गौशालासम्म ल्याइदिन्थे । उनीबाटै भरतमणिलगायत अन्य हकरहरूले पत्रिका होलसेलमा लिन्थे र सडकमा कराउँदै हिँड्थे । मैले पनि त्यसै गरेँ ।

करिब आधा घण्टामा १० प्रति पत्रिका बेचिसकेँ । पछि तिनै भरतमणिसँग लिएर पटक-पटक गरी त्यो दिन मैले ४० प्रति पत्रिका बेचेँ । करिब २ घण्टामा ६० रुपैयाँ कमाइ भएपछि दैनिक ८-१० घण्टा खटेर मासिक दुई हजार/पच्चीस सयको जागिर खोज्ने झन्झट गरिनँ । काम सुरु गरेको एक हप्तामै दिनको २/३ घण्टा खटेर दैनिक १५० रुपैयाँको हाराहारी कमाउन सक्ने भइसकेको थिएँ । यो कमाइ त्यस बेला मेरा लागि चानचुने थिएन । त्यतिखेर गार्मेन्ट फ्याक्ट्रीमा मजदुरी गर्ने तथा दैनिक सय रुपैयाँ ज्यालामा दिनभरि गिटी-बालुवा गर्ने सामान्य मजदुरको कमाइभन्दा यो बढी नै थियो । त्यसमाथि दैनिक काममा जानैपर्छ भन्ने बाध्यता पनि थिएन । मलाई सबैभन्दा सजिलो काम यही लाग्यो ।

केही समयपछि ब्रोडसिट पत्रिकाका रूपमा परिचित *कान्तिपुर, नेपाल समाचारपत्र, स्पेसटाइम*जस्ता पत्रिका पनि बेच्न सुरु गरेँ । मेरो अनुभवमा सन्ध्याकालीन पत्रिकाको तुलनामा यी पत्रिका कम बिक्थे र कमिसन पनि थोरै

थियो । प्रतिपत्रिका एक रुपैयाँ कमिसन दिने ठूला दैनिक बिहानभरि खट्दा मुस्किलले ५० प्रति बेच्न सकिन्थ्यो । तर डेढ रुपैयाँ कमिसन दिने सन्ध्याकालीन भने दुई/तीन घण्टामै सय प्रतिभन्दा बढी नै बेच्न सकिन्थ्यो । त्यसैले केही समयपछि बिहान प्रकाशित हुने ठूला पत्रिकाहरू बेच्न छोडेँ । बिस्तारै बेलुकीपख नै प्रकाशित हुने *कमाण्डर, महानगर, अपराह्न* जस्ता सन्ध्याकालीन बेच्न थालेँ । जति पुरानो भयो, त्यति आम्दानी बढ्नुपर्ने हो, तर निश्चित र नियमित ग्राहक नभएका कारण आम्दानी बढ्न सकेन । समग्रमा सन्ध्याकालीन पत्रिकाका पाठक पनि घट्दै थिए ।

## हकरलाई हेर्ने सामाजिक दृष्टिकोण

हकरलाई हेर्ने सबैजसोको दृष्टिकोण प्रायः एउटै हुन्छ । हकरप्रति धेरैको बुझाइ मजदुर सरह नै हो । यद्यपि, अन्य क्षेत्रका मजदुरले पनि हकरलाई त्यति राम्रो तथा सकारात्मक दृष्टिकोणले हेरेको पाइँदैन । त्यस्ताहरूको बुझाइमा हकरहरू अन्य जागिर नपाएर र केही सीप नभएकाले पत्रिका बेच्न लागेका हुन् । तर केही यस्ता व्यक्ति पनि हुन्थे, जसले हकरलाई सम्मानजनक रूपमा व्यवहार गर्थे । हकरलाई सम्मानजक रूपमा हेर्नेको संख्या नगन्य हुन्छ । उनीहरूको नजरमा तल्लोस्तरका भनिने समग्र क्षेत्रका मजदुरमध्ये हकर त्यस्ता मजदुर हुन्, जो बौद्धिक, तार्किक र शिक्षित हुन्छन् । त्यसैले यस्ता पाठक तथा व्यक्तिहरू हकरसँग देश तथा राजनीतिको समसामयिक विषयलाई लिएर बहस गर्न रुचाउँथे । हुन पनि हो, हकरले जति कुनै पनि क्षेत्रका मजदुरले देशको राजनीति, अर्थतन्त्र तथा समसामयिक विषयमा जानकारी राखेका हुँदैनन् । उनीहरू यस विषयमा तर्क-वितर्क गर्न पनि सक्दैनन् । तर हकर मात्र त्यस्ता मजदुर हुन्, जो देशको समसामयिक विषयमा आफ्नो क्षमताअनुसार तर्क गर्न र आफ्नो राय दिन सक्छन् ।

मैले पनि यस्ता केही पाठक तथा सामान्य नागरिक भेटेको छु, जो हकरले देशका सबै कुराको जानकारी राख्छन् भनी ठान्थे । पत्रिका बोकेर कराउँदै उनीहरूको छेउमा पुगेपछि देशमा भइरहेका समसामयिक विषयमा के होला भनी प्रश्न गर्थे । यस्तो बेला उनीहरू हकरले बोकेको पत्रिका किनेर पढ्नभन्दा पनि हकरको तर्क सुन्न र आफ्नो भनाइ राख्न बढी इच्छुक हुन्थे । सामान्यतया यस्ता व्यक्तिले हकरलाई कहिल्यै पनि नराम्रो व्यवहार र तुच्छ बोली प्रयोग गर्दैनन् । उनीहरू हकरका व्यक्तिगत जीवनका धेरै पक्ष बुझ्न चाहन्छन् । हकरप्रति सकारात्मक दृष्टिकोण राख्ने केही शिक्षित व्यक्तिहरू जीवनमा पत्रिका

मात्र बेचेर नबस्न सुझाव दिँदै पढाइ नछोड्न, सीपमूलक काम सिक्न तथा पत्रिकामै पनि पत्रकार बनेर अगाडि बढ्न हौसला प्रदान गर्ने खालका हुन्छन् । संसारका ठूला-ठूला व्यक्तिहरू जीवनको कुनै कालखण्डमा हकर भएको उदाहरण दिँदै उनीहरू हकरलाई हौसला प्रदान गर्दछन् ।

त्यस बेला सबैको नाम तथा ठेगाना जान्ने कोसिस गरिनँ, जानेकाहरूको पनि अहिले आएर बिर्सिसकेँ । जानेकामध्ये साहित्यकार पुष्कर लोहनी पनि सन्ध्याकालीन पत्रिकाको नियमित ग्राहकमध्ये एक हुनुहुन्थ्यो, जसले मसँग कहिल्यै नकारात्मक कुरा गर्नुभएन । वि.सं. २०६० तिर हुनुपर्छ, एकपटक उहाँको घट्टेकुलोस्थित घरमा केही शुभकार्य हुँदै थियो । मलाई अघिल्लो दिनै भोलिपल्ट आउन भनेर निमन्त्रणा गर्नुभयो । घरको ढोकाबाहिरबाट दैनिक पत्रिका फाल्ने र हप्ता/पन्ध्र दिनमा पैसा लिएर जाने मजस्ता हकरलाई उहाँले यसरी निमन्त्रणा गर्दा अचम्ममा परेँ र आउने वचन पनि दिएँ । उहाँले गर्नुभएको सम्मानजनक व्यवहार र निमन्त्रणाका कारण मनमा उब्जिएको संकोचले हो या किन, मलाई त्यहाँ जान लाज लाग्यो, गइनँ । भोलिपल्ट किन नआएको भनेर सोध्नुभएको थियो, अर्कै बाहना बनाइदिएँ । त्यस्तै नाम थाहा भएन, आफूलाई जापानको एउटा सञ्चारमाध्यमको नेपालप्रमुख बताउने व्यक्तिले पनि मेराबारे खोजनीति गर्दै भारतीय पूर्वराष्ट्रपति अब्दुल कलाम पनि कुनै समय हकर भएको बताएका थिए । त्यस्तै कालोपुलमा किराना पसल गरेर बस्ने एक व्यक्ति मलाई पढाइ कस्तो चल्दै छ र कहाँ पुऱ्यायौ भनेर बारम्बार सोधिरहन्थे ।

यी त भए हकरप्रति समाजले गरेका सकारात्मक व्यवहार । नकारात्मक व्यवहार पनि धेरै छन्, जो उल्लेख गरेर साध्य हुँदैन । तर एक-दुई घटना उल्लेख गर्नैपर्ने ठान्छु । कुरा के हो भने जनताका लागि राजनीति गरेको भन्ने दलका नेता तथा कार्यकर्ताले नै हकरलाई सबैभन्दा बढी हेलाँ गरेको अनुभव मैले गरेको छु । नेपाली कांग्रेस विभाजन भएपछि वि.स. २०६१ तिरको कुरा हुनुपर्छ । शेरबहादुर देउवा नेतृत्वको तत्कालीन नेपाली कांग्रेस प्रजातान्त्रिकको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा थियो । नाम बिर्सें, कार्यालयका पियनले मसँग नियमितजस्तो पत्रिका लिन्थे । आफू नहुँदा कार्यालयमा पत्रिका छोडेर जान उनले भनेका थिए । प्रायजसो म ती पियनकै हातमा पत्रिका दिन्थेँ । नभेट्दा जसलाई भेट्यो, उसैका हातमा छोडिदिन्थे । एक पटक पत्रिकाको पैसा लिने क्रममा ती पियनले एउटा कोठा देखाएर (लेखा शाखा हुनुपर्छ) त्यहाँ गई माग्न भने । कोठामा प्रवेश गरेर जब मैले त्यहाँका एक व्यक्तिसमक्ष आफ्नो कुरा राखेँ, ममाथि तुच्छ शब्द र निकै अभद्र व्यवहार गरियो । सामान्य प्रतिवाद के गरेको

थिएँ, उल्लेख नै गर्न नमिल्ने शब्दले गाली गरियो । सबै नेता तथा कार्यकर्ता त्यस्ता नहोलान्, तर आज पनि राजनीति गर्ने धरै मान्छेमा आफूभन्दा सानाप्रतिको मनोविज्ञान त्यस्तै हुन्छ होला भन्ने ममा एउटा छाप बस्न पुग्यो । त्यसैले मैले राजनीति र नेताहरूलाई प्रायः सकारात्मक दृष्टिकोणले हेर्न सकिनँ ।

हकर हुँदाकै अर्को एउटा रोचक घटना पनि छ । वि.स. २०५९ तिरको कुरा हुनुपर्छ । त्यतिखेर चण्डेश्वरी प्रकाशनको *सन्ध्याकालीन* पत्रिकाले बाबुराम भट्टराईको एउटै मात्र फोटो खुबै छाप्थ्यो । त्यही फोटोको आधारमा यो पत्रिका माओवादीको भनेर झुक्किने र पत्रिका किन्ने पनि धेरै भेटिन्थे । एक दिन पत्रिका बेच्दै मैतिदेवी चोकमा पुग्दा पत्रिकामा छापिएजस्तै आकृतिको मान्छेले मलाई बोलाए र पत्रिका किने । पत्रिकामा हेरेँ, अनुहार मिल्न खोज्छ । फेरि पत्रिकाको फोटो र ती व्यक्तिको अनुहार दाँजेँ । त्यसपछि डा. बाबुराम भट्टराई यिनै हुन् भन्ने निष्कर्षमा पुगेँ, तर सोध्न सकिनँ । बारम्बार उहाँको अनुहार र पत्रिकातिर मैले नजर दौडाइरहँदा उहाँले मेरो मनोदशा बुझ्नुभएछ क्यारे ! त्यसपछि मुसुक्क हाँसेर 'जाऊ पत्रिका बेच' भन्नुभयो । मनमनै 'बाबुराम भट्टराईलाई भेटेँ र पत्रिका बेचेँ' भन्ने कल्पना गर्दै म दौडिएँ । त्यतिखेर देशमा माओवादीकै कारण संकटकाल घोषणा गरिएको थियो । यस्तो अवस्थामा खुलमखुला भेटिएकाले बाबुराम भट्टराई होइनन् होला भन्ने मनमा शंका पनि थियो । भोलिपल्ट सन्ध्याकालीन पत्रिकाका प्रकाशक कृष्णप्रसाद गौतमलाई उक्त कुरा सुनाएँ । ती व्यक्ति मैले सोचेको अहिलेका (२०६८) प्रधानमन्त्री बाबुराम भट्टराई नभएर उनकै भाइ शिवप्रसाद भट्टराई भएको कृष्णप्रसादबाटै थाहा भयो । उहाँले नै बाबुराम र शिवप्रसादको अनुहार मिल्ने र यसमा प्रहरीहरू पनि बारम्बार झुक्किएको कुरा बताउनुभयो । तर पनि मलाई पछिसम्म मैले 'डा. बाबुराम भट्टराईको भाइलाई पत्रिका बेचेको छु' भन्ने गर्व लागिरहेको थियो ।

त्यतिखेर माओवादीलाई 'आतंककारी' घोषणा गरिएकाले 'माओवादी'भन्दा तत्कालीन शाही सेनाले पक्राउ गर्न सक्ने डर व्याप्त थियो । त्यसैले 'आतंककारी' नै सम्बोधन गरेर पत्रिका बेच्नुपर्छ भन्ने अघोषित सर्कुलर हकरहरूबीचमा थियो । तर भित्री मनबाट माओवादीलाई 'आतंककारी' भन्न पटक्कै मन हुँदैन थियो । मलाई मात्र होइन, प्रायः सबै हकरको मनसाय यस्तै हुन्थ्यो ।

हकर हुँदा धुलो र धुवाँ भरिएको सडकमा दैडिनुपर्ने भएकाले सुरुका दिनमा बेलुका कोठामा पुग्दा जिउ दुख्ने र रूघा लागेजस्तो हुन्थ्यो । पछि-पछि यो समस्या हटेर गयो । अन्य स्वास्थ्य समस्या खासै देखा परेन । दैनिक बढीमा तीन/चार घण्टा काठमाडौँका सडकमा पैदल हिँड्न समस्या नदेखिए पनि *सिटी*

*पोष्ट*मा साइकलम्यान हुँदै कम्प्युटर अपरेटर तथा रिपोर्टर हुने क्रममा भने धेरै पीडा महसुस गरेको छु । त्यो पीडा शब्दमा व्यक्त हुन सक्दैन । बिहानै अफिस पुगेर समाचार लेख्ने, दिउँसो हकरहरूलाई पत्रिका बाँड्ने र त्यसपछि अफिसको प्रत्यक्ष सम्पर्कमा रहेका ग्राहक (पाठक) सम्म पत्रिका पुऱ्याउने काम गर्दा कुनै दिन बिहानको खानै खान बिर्सेको हुन्थेँ । पाँच/छ घण्टा साइकल चलाएपछि थकित भएर बेलुका कोठामा पुगेर पानी पिउँदा निल्न सक्दिनँ थिएँ । छाती पोलेजस्तो हुन्थ्यो, रिँगटा लाग्थ्यो । त्यसपछि कोठा थुनेर थचक्क बस्थेँ या पल्टिन्थेँ । अनि धित मरुन्जेल रुन्थेँ । दस/पन्ध्र मिनेटदेखि आधी घण्टासम्म बेस्मारी आँसु झारेर रोएपछि हल्का भएको महसुस हुन्थ्यो । त्यसपछि बिहानको खाना खाएँ कि खाइनँ भनेर निकै बेर सम्झँदा खानै खान बिर्सेको पाउँथेँ । त्यसपछि झन् विरक्त लाग्थ्यो । सिटी पोष्टले दिने तलब थोरै (तीन हजार) थियो, अन्य आम्दानी थिएन । त्यसैले सधैँ बाहिर किनेर खान पनि सक्तैनथेँ । लगभग डेढ वर्ष (२०६२-६३) मैले यसै गरी बिताएँ । सुन्नेलाई काल्पनिकजस्तो लाग्न सक्छ तर यो यथार्थ थियो । यो कुरा मैले अहिलेसम्म कसैलाई भनेको पनि थिइनँ । पहिलो पटक यसै लेखमार्फत सार्वजनिक गर्दै छु ।

त्यसपछिका दिनमा खानै खान नपाउने अवस्था त रहेन । तर मलाई भोक लागेको महसुस कहिलै नहुने समस्या (स्वास्थ्य समस्या हुन सक्छ, तर मैले कुनै डाक्टरसँग सल्लाह गरिनँ) देखा पऱ्यो । खाना खाने निश्चित समय हुँदैन थियो, तर भोकविना खाना खान्थेँ । यदि कुनै दिन खान नभ्याए/नपाए पहिलाजस्तै एकैचोटि बेलुका हुन्थ्यो । यसै गरी लगभग तीन वर्ष बिताएँ । पछि यो समस्याबाट मुक्त हुनमा श्रीमती तुलसाको ठूलो हात छ । जब मैले २०६६ माघ २४ गते विवाह गरेँ, त्यसपछि मेरो खाना खाने समय नियमित र निश्चित हुन थाल्यो । विवाह गरेको लगभग छ महिनापछिदेखि मलाई भोक लागेको महसुस हुन थाल्यो । अहिले भोक लागेकै थाहा नपाउने समस्या छैन ।

## अचम्मको मानसिकता

पारिवारिक संस्कार तथा म हुर्कँदाको वातावरणले हो कि किन, मेरो मानसिकता एकदमै संकुचित रहेको अहिले आएर महसुस गर्छु । यही मानसिकताका कारण हकर हुँदा एउटा रमाइलो घटना भएको छ । अहिले आएर त्यो घटना सम्झिँदा कहिलेकाहीँ एक्लै हाँसो पनि उठ्छ । कुरा के हो भने म *सिटी पोष्ट*को डिस्ट्रिब्युटर हुनुभन्दा अघिसम्म एक पैसा कसैको पनि सित्तैमा खानु हुँदैन भन्ने

मान्यता राख्थेँ । तर त्यो घटना, 'हुँदैन' भन्ने मान्यताको पनि हदभन्दा बढी हो कि जस्तो लाग्छ ।

एक पटक पत्रिका बेच्दै डिल्लीबजार पिपलबोट छेउमा पुगेपछि एक जना व्यक्तिले मसँग पत्रिका किने । पाँच रुपैयाँको नोट दिएका थिए । पत्रिकाको मूल्यअनुसार फिर्ता गर्ने मसँग दुई रुपैयाँ थिएन । उनले 'भैगो लैजाऊ' भनेर दुई रुपैयाँ फिर्ता लिएनन् । त्यो दुई रुपैयाँ बढी लिएकामा मलाई रातभरि निन्द्रा लागेन । अर्काको दुई रुपैयाँ सित्तैमा लिएको कुरा मनमा खेलिरह्यो । भोलिपल्ट पशुपति गएर त्यो दुई रुपैयाँ चढाएर मन हलुका पारेँ । पछि *सिटी पोष्ट*को डिस्ट्रिब्युटर बनेपछि यस्तो 'मानसिकता बोकेर हुन्न' भन्ने लाग्यो । डिस्ट्रिब्युटर रहँदा अफिसबाट तलब लिए पनि कहिलेकाहीँ अफिसलाई झुक्याएर केही कमिसन निकाल्न सकिन्थ्यो । त्यो कमिसन धेरै त होइन, खाजा खानसम्म पुग्थ्यो । आफ्ना समकक्षी अन्य पत्रिकाका डिस्ट्रिब्युटरले 'यस्तो सोझो पाराले चल्दैन' भनेर बारम्बार भनेपछि मैले पनि कमिसन निकाल्न थालेँ र पुरानो मान्यता तोडेँ ।

## सन्ध्याकालीन र पाठक

पत्रिका प्रकाशनको उद्देश्य जे भए पनि माओवादी द्वन्द्वको जगमा मौलाएका सन्ध्याकालीन पत्रिका र यसका प्रकाशक/सम्पादकको मानसिकता पनि गजबकै हुन्थ्यो । अन्यन्त्रबाट कुनै सहयोग प्राप्त नभए पनि हकरलाई कागज (छापिएको पत्रिका) बेच्दैमा सामान्यतः उनीहरूको सम्पूर्ण खर्च उठ्थ्यो । हकर मात्र होइन, डिस्ट्रिब्युटर हुँदै पत्रिका छाप्न कागज किन्ने तथा प्रेससँग प्रत्यक्ष सम्बन्ध राख्नेलगायत सबै काम गरेकाले सन्ध्याकालीनको अनुमानित खर्चविरण मलाई राम्रैसँग थाहा थियो । म हकर हुँदाको समयमा पत्रिका छापिएर बजारमा आइपुग्दा कागज र छपाइ खर्च गरेर प्रतिपत्रिका ९० पैसाभन्दा बढी पर्दैन थियो । त्यो पत्रिका हरकलाई १५० पैसामा बिक्री गरिन्थ्यो । सामान्यतयाः पत्रिका फिर्ता गर्न पाइँदैनथ्यो । यसरी हेर्दा प्रतिपत्रिका प्रकाशकलाई ६० पैसा फाइदा हुने देखिन्छ । यदि कुनै पत्रिका दैनिक दुई हजार प्रति मात्र बिक्री हुन्थ्यो भने पनि प्रकाशकले दैनिक १२ सय नाफा कमाउँथे । प्रकाशकको आम्दानीका लागि पत्रिकामा केही विज्ञापन पनि हुन्थे । यसरी हुने कमाइले केही कर्मचारी तथा अफिस भाडा सजिलै तिर्न सकिन्थ्यो । यति मात्र होइन, मैले बुझेसम्म उनीहरूको रोजीरोटी चल्ने आधार पनि यही थियो । यो सबै थाहा पाउन सक्ने भइसक्दा सन्ध्याकालीनको अवस्था भनेजस्तो रहेन । बजार पूर्ण रूपमा खस्किसकेको थियो ।

हकरले जसरी भन्यो, प्रायः त्यसरी नै पत्रिकामा समाचार छापिन्थे । यसो गर्दा आफ्नो पत्रिका धेरै बिक्ने मनोविज्ञान प्रकाशक/सम्पादकमा हुन्थ्यो । हकरलाई नै मध्यनजर राखेर धेरै पत्रिका छापिन्थे । त्यसैले त अधिक पाठकहरू सन्ध्याकालीन पत्रिकालाई 'हावादारी' पत्रिकाको आरोप लगाउँछन् । समाचार 'झुटो' नभए पनि त्यसको शीर्षक छनौटको शैलीले झुटो भएको भान पाठकमा पारिदिन्थ्यो । त्यही समाचार हकरले अझै बंग्याएर तथा बिगारेर भनिदिने हुँदा समाचार पूर्ण झुटोजस्तो हुन पुग्थ्यो । कतिपय समाचार त तथ्यभन्दा बाहिर तथा पुष्टि गर्ने आधार नभएका हुन्थे । हकरले टेलिफोनमार्फत कुनै अपुस्ट समाचार दियो भने त्यो पनि पत्रिकामा छापिन्थ्यो ।

हकर हुँदा मैले पनि कतिपय त्यस्ता समाचार छपाएको छु । मिति याद भएन, तत्कालीन विद्रोही माओवादीले मैतिदेवीमा बम विस्फोट गराउँदा मैले टेलिफोनमार्फत सन्ध्याकालीनलाई समाचार दिएको थिएँ । कुनै पनि पत्रिकालाई समाचार दिएको यो मेरो पहिलो घटना थियो । आफू हकर भएको र घटनास्थलमा रहेको उल्लेख गर्दै यसबारेमा प्रहरीसँग बुझेर समाचार लेख्न भन्दै फोन गरेको थिएँ । त्यो समाचार मुख्य शीर्षकको समाचारभित्रै छापियो । जति बताएको थिएँ, त्यति मात्रै छापियो तर त्यसलाई पुष्टि गर्ने कुनै आधार थिएन । समाचार पुष्टि गर्न न त कुनै प्रहरी स्रोत उल्लेख गरिएको थियो, न त पीडित पक्षको भनाइ । न त समाचार लेख्ने व्यक्ति आफैँ घटनास्थलमा थिए । माओवादीद्वारा विस्फोट (अरूबाट पनि हुन सक्थ्यो) गराएको भनिए पनि विस्फोट गराउने पक्ष कसैको पनि भनाइ थिएन । कम्तीमा टेलिफोन गर्नेलाई 'प्रत्यक्षदर्शीका अनुसार' भनेर लेख्न सकिन्थ्यो । त्यो पनि थिएन । यदि टेलिफोन गर्नेले झुटो समाचार दिएको भए के हुन्छ भन्ने आँकलन ती प्रकाशक/सम्पादकले गरेको पाइएन । यस्ता धेरै समाचार सन्ध्याकालीन पत्रिकामा छापिन्थे ।

यसको अर्थ सबै पत्रिकाका प्रकाशक/सम्पादकले 'हकरले भने जसरी नै लेख्थे' भन्ने चाहिँ होइन । केही त्यस्ता पत्रिका पनि थिए, तिनका प्रकाशक/सम्पादक हकरको कुरा त सुन्थे तर आफ्नै तरिकाले समाचार लेख्थे र त्यसको शीर्षक छनौट गर्थे । त्यस्ता प्रकाशक तथा सम्पादकमध्ये एक हुन्, सुजीव बज्राचार्य । उनी कालो सन्ध्याकालीनका रूपमा परिचित *सन्ध्याकालीन* पत्रिकाका प्रकाशक तथा सम्पादक हुन् । उनको छेउमा अन्य सन्ध्याकालीन पत्रिका लिएर कोही हकर पुग्यो भने 'हकर सम्पादक भएको पत्रिका होइन यो' भनेर जिस्कँदै ती पत्रिका हेर्थे । हकर सम्पादक नभए पनि हकरले भने जसरी समाचार लेखिने हुँदा त्यसैप्रति बज्राचार्यको यो भनाइ लक्षित हुन्थ्यो । कुरा जे भए पनि धेरै

पाठकको मूल्यांकनमा सबै सन्ध्याकालीन पत्रिका 'हावादारी' नै हुन् । पत्रिका बेच्दै जाँदा कतिपय पाठकले 'आजको हावा खबर के छ ?' भनेर पनि सोध्थे । पत्रिका हातमा लिएर समाचारका शीर्षक हेर्दै 'के यी समाचारहरू साँचो हुन् ?' भनी प्रश्न गर्थे । समाचार जेसुकै होस्, हकरलाई पत्रिका बेच्नुसँग सरोकार हुन्थ्यो । त्यसैले साँचो हो भन्नु आश्चर्य रहेन । हकरले साँचो हो भनेपछि 'हेरौँ न त' भन्दै पत्रिका किन्थे । कोही-कोही त 'कराऊ न कराऊ, तिमीले कराएको मजा लाग्छ, केही बेर कराऊ र तीन रुपैयाँ लिएर जाऊ, तर पत्रिका लिन्न' भनेर खिल्ली उडाउने पनि भेटिन्थे । उनीहरूका त्यस्ता भनाइले पनि हकरले कराएको समाचारमा सत्यता हुँदैन भन्ने संकेत गर्थ्यो ।

समाचार र कागज बेचेर प्रकाशक/सम्पादकले जीविकोपार्जन गर्ने दिन धेरै टिक्न सकेन । सञ्चारको तीव्र विकाससँगै पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजनको संख्या बढ्यो । आधा-आधा घण्टामा नयाँ समाचार हेर्न र सुन्न पाइने भयो । गुणात्मक रूपमा विकास हुन नसके पनि संख्यात्मक रूपमा सन्ध्याकालीन पत्रिका झन् बढे । तर हात-हातमा मोबाइल, मोबाइलमा एफएम र इन्टरनेट जोडिएपछि नयाँ र ताजा समाचार सुन्नका लागि पाठककै भाषामा दिउँसोको 'हावा' पत्रिका कुर्नु परेन । घटना भएको एक घण्टापछि समाचार लिएर सन्ध्याकालीन पत्रिका बजारमा पुग्दा घटनाले नयाँ स्वरूप ग्रहण गरिसकेको हुन्थ्यो । जुन कुरा पाठकलाई अरू माध्यमबाटै थाहा भइसकेको हुन्थ्यो । जसले गर्दा पनि सन्ध्याकालीन पत्रिकाको बजार घट्न थाल्यो । यति हुँदाहुँदै पनि यदि ती पत्रिकाले आफूलाई समयअनुसार आफ्नो लेखन र प्रस्तुतिको शैलीलाई पनि परिवर्तन गर्न सकेका भए आज उनीहरूले जुन अवस्था भोगिरहेका छन्, त्यो दिन आउने थिएन कि भन्ने मलाई लाग्छ । हुन त अहिले धेरै सन्ध्याकालीनले आफूलाई सुधार गर्दै लगेको पाइन्छ । तर उनीहरूको बजार अझै बढ्न सकेको छैन । पहिला १० हजारको हाराहारीमा छापिने सन्ध्याकालीन अहिले दुई हजारको हाराहारीमा पनि छापिँदैनन् । त्यस्तै पहिला तीन हजारको हाराहारीमा छापिने पत्रिका अहिले पाँच सयमा सीमित हुन पुगेका छन् । पत्रिकाका प्रकाशक यो कुरा स्वीकार गर्न तयार नहोलान्, तर पत्रिका छाप्ने प्रेस र बेच्ने हकरलाई सोध्ने हो भने यो कुरा स्पष्ट हुन्छ ।

मलाई थाहा भएसम्म बढीमा चारओटा दैनिकको हालिमुहाली रहेको सन्ध्याकालीन पत्रिकाको बजारमा यति धेरै सन्ध्याकालीन पत्रिका निस्कन थाले कि पुराना पत्रिकालाई आफ्नो अस्तित्व कायम राख्न र बजारमा नयाँ पत्रिकासँग प्रतिस्पर्धा गर्न मुस्किल पर्न थाल्यो । यही बेलादेखि सन्ध्याकालीन पत्रिकामा सबैभन्दा बढी

विकृति बढेको हो । माओवादी द्वन्द्वको चरम अवस्था, शाही शासनकाल तथा शान्ति प्रक्रियाको प्रारम्भिक चरणमा सन्ध्याकालीन पत्रिकामा सबैभन्दा बढी विकृति देखिए । त्यसभन्दा अघि पनि सन्ध्याकालीन दैनिकमा प्रकाशित समाचारलाई विश्वासिलो मानिँदैन थियो । म हकर हुँदा चल्तीमा रहेका सन्ध्याकालीनमध्ये कामना प्रकाशन प्रालिद्वारा प्रकाशित *महानगर* दैनिकलाई सबैभन्दा विश्वासिलो मानिन्थ्यो भने सबैभन्दा हावादारी भनेर 'रातो सन्ध्याकालीन' (चण्डेश्वरी प्रकाशन) लाई लिइन्थ्यो । सन्ध्याकालीन पत्रिकाको संख्यामा बढोत्तरी भएपछि बढेको अस्वस्थ प्रतिस्पर्धाले 'हावादारी'को रूपमा परिचित 'रातो सन्ध्याकालीन'भन्दा हावादारी अरू धेरै पत्रिका बजारमा देखा परे । उनीहरूको तुलनामा अब रातो सन्ध्याकालीन हावादारी रहेन । हकरहरूले पनि पहिलाको तुलनामा धेरै सस्तोमा पत्रिका पाउन थाले । पहिला एक प्रति पत्रिकाको डेढ रुपैयाँ तिर्ने तिनै हकरले यिनै पत्रिका ५० पैसामा पनि पाउन थाले ।

बजारमा धेरै पत्रिका बिकाउने नाममा पछि निस्केका सन्ध्याकालीन पत्रिकाहरूले आफूलाई धेरै तल्लोस्तरसम्म गिराए । कुनै लेखकद्वारा लिखित पुस्तकभित्रको केही अंशलाई मुख्य समाचारको रूपमा लेख्ने, त्यसलाई धारावाहिक रूपमा भित्री पृष्ठमा प्रकाशित गर्नेजस्ता अनेक काम उनीहरूबाट भयो । असम्भवजस्ता देखिने काल्पनिक राजनीतिक भविष्यवाणी गरी मुख्य समाचार बनाएर प्रकाशन गर्नु उनीहरूका लागि पौरखको विषयजस्तै बन्यो । यति मात्रै होइन, भित्री पृष्ठमा त्यस्ता अश्लिल सामग्री छापिन्थे, जुन परिवारका सदस्यबीच बसेर पढ्न सकिँदैन थियो । पत्रिकामा 'लभलेटर', 'फोनफ्रेण्ड' जस्ता स्तम्भ राखिन्थे, जुन हकरको मागअनुसार नै राखिएका हुन् । त्यस्ता स्तम्भलाई अहिले पनि केही सन्ध्याकालीनले जारी नै राखेका छन् । यस्तो अस्वस्थ प्रतिस्पर्धामा प्रतिस्पर्धी बनेर उत्रन नसक्दा र आफ्नो अस्तित्व बजारमा कायम राख्न नसकेपछि केही सन्ध्याकालीन पत्रिका बन्द हुन पुगे । सबैभन्दा विश्वासिलो र बढी ग्राहक भएको मानिएको *महानगर* दैनिक यसको ज्वलन्त उदाहरण हो । यस्तै *साँझको समाचार, अपराह्न*जस्ता धेरै दैनिकले पनि आफूलाई अस्तित्वमा राख्न सकेनन् । त्यसैले कुनै बेला दुई दर्जनको हाराहारीमा सन्ध्याकालीन पत्रिका देखिने काठमाडौँको बजारमा अहिले एक दर्जन पनि देखिँदैन ।

माथि नै उल्लेख भइसक्यो कि सन्ध्याकालीन पत्रिकाको अवस्था नाजुक छ । यस्ता पत्रिकाको समाचारमा विश्वास गर्ने मानिस भेटिन मुस्किल छ । यसको मुख्य कारण विगतको विकृत अभ्यास नै हो । सन्ध्याकालीन पत्रिकाले त्यस्ता अभ्यासमा अझै सुधार ल्याउन सकेका छैनन् । त्यस्तै एउटा दैनिक पत्रिकाका

लागि आवश्यक पर्ने न्यूनतम जनशक्ति प्रायः सन्ध्याकालीन पत्रिकामा छैन । आवश्यक जनशक्ति नै नभएका पत्रिकाले आफूलाई कसरी गुणस्तरीय बनाउन सक्छन् ? यो गम्भीर प्रश्न हो ।

## प्रकाशक, वितरक र हकरबीचको सम्बन्ध

जसले जे भने पनि सडकमा चिच्याउँदै हिँड्ने हकरविना कुनै पनि सन्ध्याकालीन पत्रिकाले बजारमा आफ्नो उपस्थिति तथा अस्तित्व देखाउन सक्दैन । अझ भनौँ हकरविना सन्ध्याकालीन पत्रिकाको कुनै अस्तित्व नै रहँदैन । किनकि ठूला दैनिकजस्तो विनाहकर यी पत्रिका कुनै पनि पाठकको हातसम्म पुग्ने माध्यम छैन । पछिल्लो चरणमा केही सन्ध्याकालीन पत्रिकाले आफ्ना निजी हकर (साइकलम्यान) राखेका भए पनि ती पर्याप्त छैनन् । सडकमा चिच्याउँदै हिँड्ने हकरको नियुक्तिको त कुरै छोडौँ, प्रकाशकसँग उनीहरूको प्रत्यक्ष सम्बन्ध नै हुँदैन । हकरसँग सधैँ वितरकले नै व्यवहार गरेको हुन्छ । यसरी कुनै पनि प्रकाशकले हकरप्रति कुनै जिम्मेवारी बोध नगर्दा कुन हकर कहिले यस पेसामा आयो र कहिले उसले त्यो पेसा छोड्यो भन्ने कुराको कुनै जानकारी ऊसँग हुँदैन । पत्रिकामा उनीहरूको नियुक्ति, हाजिरी तथा उपस्थिति जनाऊ दिने कुनै अभिलेख नहुनु यसको कारण हो । उदाहरणका लागि म आफैँलाई लिन सकिन्छ । विगतमा म कुन-कुन पत्रिका बेच्थेँ तथा कुन-कुन पत्रिकाको हकर थिएँ भन्ने कुराको लिखित अभिलेख कुनै पत्रिकासँग पनि छैन । हकर मात्र होइन, सन्ध्याकालीन पत्रिकामा काम गर्ने कुनै पनि कर्मचारीको कानुनी प्रक्रियाअनुसारको नियुक्ति भएको मैले पाएको छैन । प्रकाशकहरू पनि आवश्यक जनशक्ति थप गरेर पत्रिकाको गुणस्तर बढाउनु र कर्मचारीको तलबवृद्धि गर्नु तथा हकरलाई सेवा-सुविधा दिनुभन्दा पत्रिका नै बन्द गर्नु उचित हुने मनोविज्ञानमा रहेका हुन्छन् । यस्तो अवस्थामा उनीहरूले हकरप्रति जिम्मेवारी बोध कसरी गर्लान् र ? तर यो पनि साँचो हो कि जुन दिन हकरले जुन पत्रिका बोक्न छाडिदिन्छन्, त्यो दिनदेखि त्यो पत्रिकाको अस्तित्व स्वतः बन्द हुन्छ ।

सन्ध्याकालीनमा मात्र कार्यरत हकरलाई हेर्ने हो भने उनीहरूको अवस्था निकै दयनीय छ । विशेषतः आर्थिक रूपमा कमजोर छन् । उनीहरूप्रति कसैले पनि दायित्वबोध र जिम्मेवारी वहन नगर्ने भएकाले उनीहरू पेसागत रूपमा पनि असुरक्षित छन् । हकरहरूको सम्बन्ध पत्रिका वितरकसँग मात्र हुन्छ, जो प्रकाशकको तर्फबाट पत्रिका बोकेर उनीहरूसम्म पुगेका हुन्छन् । वितरकहरू प्रकाशनका कर्मचारीकै रूपमा खटिएका हुन्छन् । तर पछिल्लो चरणमा केही सन्ध्याकालीन पत्रिकाहरूले संयुक्त

वितरक पनि राखेका छन् । उनीहरूसँगै हकरले पत्रिका लिन्छन्, हकरले पाउने कमिसन वितरकले निर्धारण गर्छ । तर ती वितरकले हकरको लिखित अभिलेख राख्ने काम गरेका हुँदैनन् । हकरलाई कुनै समस्या पर्‍यो भने गुनासो सुनाउने व्यक्ति वितरक नै हो । तर उसले पनि हकरका कुरा प्रकाशकसम्म पुर्‍याउने तथा केही सहयोग गर्नेजस्ता कुनै काम गर्न सक्दैन । प्रकाशकसँग सीधा सम्बन्ध भए पनि वितरक पनि कमिसनका आधारमा नै काम गरिरहेका हुन्छन् । केही तलब लिएर काम गर्ने वितरक त हुन्छन्, तर उनीहरूलाई पनि त्यस्तो कुनै सुविधा छैन, जसले आफू तथा हकर समस्यामा पर्दा प्रकाशनबाट सहयोग पाओस् ।

पत्रिकाको खस्कँदो गुणस्तर र पाठकको कमीले हकरहरू दिनप्रतिदिन पलायन हुँदै छन् । यसरी पलायन हुनुमा पेसाको सुरक्षाको ग्यारेन्टी नहुनु मुख्य कारण हो । त्यसैले सन्ध्याकालीनका हकरहरू अल्पकालीन देखिन्छन् । मुख्यतः स्कूल-क्याम्पसका विद्यार्थी र अन्यत्र कतै काम गरी पार्टटाइमका रूपमा सन्ध्याकालीन पत्रिकामा हकर बन्न आउनेहरू धेरै हुन्छन् । उनीहरू कुनै उपयुक्त विकल्प भेटिनेबित्तिकै हकर पेसा छोड्छन् । जुन दिन छोड्छन्, त्यो दिन प्रकाशक त के वितरकलाई पनि थाहा हुँदैन ।

ठूला दैनिकमा कार्यरत र एकाध पुराना हकर भने उति संकटमा नहोलान् । तर अधिक नयाँ हकर दिन प्रतिदिन आफ्नो पेसा छोड्न बाध्य छन् । न उनीहरू कुनै संघ-संगठनमा आबद्ध छन्, न त कुनै संघ-संगठनले उनीहरूलाई हेरेका छन् । त्यसैले पनि उनीहरू आफ्नो पेसा सुरक्षित भएको महसुस गर्न सक्दैनन् । जसका कारण उपयुक्त विकल्प भेटिनेबित्तिकै पेसा परिवर्तन गर्नु उनीहरूको बाध्यता पनि देखिन्छ । हुन त पुराना हकरको पनि पेसा सुरक्षित छैन । प्रकाशकसँगको सम्बन्ध उनीहरूको पनि उस्तै हो तर उनीहरूको ग्राहक संख्या धेरै हुन्छ, जहाँबाट उनीहरू आफ्नो दैनिकी चलाउन सजिलै सकिरहेका हुन्छन् । त्यसैले पुराना हकरहरू यो पेसा छोड्दैनन् ।

## टाइपिस्ट हुँदै डिजाइनर र लेखकसम्म

हकर पेसामा रहेकै अवस्थामा प्राइभेट परीक्षा दिएर त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाली र जनसंख्या लिएर २०६१ सालमा प्रवीणता प्रमाणपत्र तह दोस्रो श्रेणीमा पास गरिसकेको थिएँ । त्यसपछि महेन्द्ररत्न क्याम्पस ताहचलमा बीएडमा भर्ना भएँ । *सिटी पोष्ट*मा साइकलम्यानको रूपमा प्रवेश पनि त्यसै साल भएको थियो । क्याम्पस कम जाने भएकाले मेरो पेसाको बारेमा धेरैलाई थाहा थिएन । जतिलाई थाहा थियो, तीमध्ये धेरै हकर नै थिए । साथीहरूसँग कम बोल्ने

भएकाले हकरभन्दा बाहेकले मलाई कसरी हेर्थे, जान्न पाइनँ । तर हकर हुँदै २०६० सालतिर कम्प्युटरको आधारभूत ज्ञान पनि हासिल गरिसकेको थिएँ । कम्प्युटर सिक्दा सुरुमा 'म पत्रिका बेच्ने हकर हुँ' भन्न मलाई लाज लागेको थियो । तर पछि बिस्तारै सबै बताइदिएँ । मेरो वास्तविकता थाहा पाएपछि मसँगै कम्प्युटर सिक्ने दुई जना केटा र पाँच जना केटी साथीमध्ये केही टाढा भए पनि केही झन् नजिक भएको महसुस गरेँ । नजिक भएकाहरू प्रायः सबैले मेरो व्यक्तिगत जीवनका धेरै कुराहरू जान्न खोज्थे र 'भविष्यमा एउटा सफल व्यक्ति बन्छौ' भनेर मलाई फुर्क्याउँथे/हौसला दिन्थे ।

सधैँ एउटै पेसामा बस्ने चाहना नहुँदा र आम्दानी घट्न थालेपछि स्वाभाविक रूपमा सबैले पेसा परिवर्तन गर्छन् । मैले पनि त्यसै गरेँ । हकर भएर बाँच्न गाह्रो होला जस्तो भएपछि केही समय फुटपाथे व्यापारीको रूपमा कपडा व्यापार पनि गरेँ । आफूसँगै पत्रिका बेच्ने मित्र डिसन कार्की (नाताले मित भान्दाइ) ले हकर पेसा छोडेर कपडा बेच्न थालिसक्नुभएको थियो । हामीहरू एउटै कोठामा बस्थ्यौँ । उहाँ पनि महेन्द्ररत्न क्याम्पसकै विद्यार्थी हुनुहुन्थ्यो । साथै कम्प्युटर पनि हामीले एउटै इन्स्टिच्युटमा सिकेका हौँ । उहाँकै सहयोगमा मैले पनि कपडा बेच्न थालेको थिएँ । पछि उहाँ ललितपुरको निर्मल स्कूलमा शिक्षण पेसामा आबद्ध हुनुभयो । अहिले बारा जिल्लाको निजगढमा रहेको गौरीशंकर क्याम्पसमा उपप्राध्यापक हुनुहुन्छ । फुटपाथ छोड्न चाहे पनि उचित विकल्प नपाउँदा म भने सडकमै थिएँ । नेपाली टाइप गर्न त सिकेको थिएँ, तर काम गर्ने अवसर पाएको थिइनँ । हकर भएकाले हो कि किन हो पत्रिकामा टाइपिङको काम गर्न पाए गर्न सक्छु जस्तो लाग्थ्यो । समाचार लेखन तथा विश्लेषण गर्न सक्ने खुबी पनि आफूमा छ जस्तो लाग्थ्यो । तर केही कविता, गजल, लभलेटर, पाठकपत्रजस्ता सामग्री पत्रिकातिर छपाउनु तथा दैनिकी (दैनिकी भनिए पनि कहिलेकाहीँ मात्र लेख्थेँ) लेख्नुबाहेक उल्लेख गर्नलायक क्षमता र अनुभव केही पनि थिएन ।

यस्तै बेला एक जना मित्र रामहरि आचार्य (जो हकर हुँदै सन्ध्याकालीनको प्रकाशकसम्म भए र पछि पत्रिका बन्द गरे । प्रकाशक भनिए पनि पत्रिकामा प्रकाशकको नाम भने अर्कैको थियो तर उनकै अगुवाइमा पत्रिका निस्केको थियो) ले *सिटी पोष्ट* दैनिक (सन्ध्याकालीन) मा दिउँसो दुई घण्टाका लागि भनेर सम्पर्क गराइदिए । त्यो दिन २०६१ माघ २९ गते थियो । त्यतिखेर साँझ-बिहान फुटपाथको कपडा व्यापारी भए पनि दिउँसो फुसर्दकै समय थियो । त्यसैले दैनिक दुई घण्टा काम गर्ने सर्तमा *सिटी पोष्ट* दैनिकमा हकर (साइकलम्यान) को रूपमा प्रवेश गरेँ । फुटपाथमा कपडा व्यापार गर्दा समयअनुसार मासिक

कम्तीमा ४/५ हजारदेखि १०/१२ हजारसम्म कमाइ हुन्थ्यो । तर *सिटी पोष्ट*को जागिर मासिक १२ सय रूपैयाँको थियो । पछि मासिक २५ सय रूपैयाँ पाउने सर्तमा 'फुलटाइमर' भएर दैनिक ८-१० घण्टा *सिटी पोष्ट*मा खटिन थालेँ । यो तलब फुटपाथे व्यापारी हुँदाको भन्दा झन्नै एक चौथाइ भन्दा कम हो । सडकप्रतिको हीनताबोधले हुनुपर्छ, मैले विस्तारै सडक छोड्ने निधो गरेरै यसलाई स्वीकार गरेको थिएँ । हकरै भए पनि कर्मचारी भएपछि काम सिक्न (कम्प्युटर तथा पत्रकारिता) पाइन्छ भन्ने सोचाइ थियो । अझ भनौँ 'नेपाली टाइप गर्न जानेकै छु, पत्रिकामा प्रवेश गरेँ भने सधैँ हकरै भएर पक्कै पनि रहन्नँ' भन्ने थियो । तर पहिला सिकेको नेपाली टाइपिङ यहाँसम्म आइपुग्दा लगभग बिर्सिसकेको रहेछु, केही ज्ञान भने थियो । त्यसपछि सोही दैनिकमै रहेर नेपाली टाइपिङ, डिजाइनिङदेखि लेखनसम्मको कार्यक्षमता विकास गर्न सफल भएँ । सिकाउने कोही नभएकाले त्यो त्यति सजिलो भने थिएन । दिउँसो पत्रिका बाँड्नुका साथै पत्रिका छपाउन 'प्रिन्ट' प्रेस लिएर जानेदेखि डिस्ट्रिब्यटरको जिम्मेवारी पनि मेरै थियो । बिहान-बेलुकाको फुर्सदको समयमा अफिसमा बसेर नेपाली टाइप गर्ने र पत्रिका पढेर त्यसको नक्कल गर्दै समाचार लेख्ने गर्थें । सामान्यतयाः लेख्ने कला र शैली मसँग भए पनि तिखार्न बाँकी थियो । पहिलादेखि नै लेखिएका दैनिकी (तर कहिलेकाहीँ मात्र) मा देशको राजनीतिक परिस्थिति र त्यसको विश्लेषण गर्थें, जसले त्यतिखेरको समाचार लेखनलाई सहयोग गरेको हुनुपर्छ ।

यसै क्रममा *सिटी पोष्ट*मै कार्यरत टंक कार्कीको सहयोगमा डिजाइनिङसम्बन्धी केही ज्ञान हासिल गर्न सफल भएँ । धेरैजसो त मैले आफूभन्दा अग्रजहरूले काम गरेको हेरेरै जानेँ । जानिसकेपछि सोही दैनिकमा समाचार लेखन र कम्प्युटर दुवैको काम गर्न थालेँ । २०६४ कात्तिकतिर मात्र मैले धोबीधारामा रहेको रेयुकाईले सञ्चालन गरेको डिजाइनिङसम्बन्धी ग्राफिक्स कोर्स गरेको हुँ । तर त्यहाँ जति सिकेँ, त्यति त *सिटी पोष्ट*मा काम गर्दै जानिसकेको रहेछु । त्यसपछि २०६५ असोज १ गतेदेखि २०६७ असार २२ गतेसम्म कामना प्रकाशन प्रालिद्वारा प्रकाशित *नेपाल समाचारपत्र* दैनिकमा प्रतिस्पर्धाको माध्यमबाट छनौट भई कम्प्युटर अपरेटरको रूपमा काम गरेँ । *सिटी पोष्ट* दैनिकमा लेखन र कम्प्युरको दुवै काम गर्थें भने *नेपाल समाचारपत्र*मा कम्प्युटरको मात्र । *हिमालिनी* (हिन्दी) मासिकमा कम्प्युटर अपरेटरका रूपमा २०६७ वैशाखदेखि काम गर्दै हाल यसै मासिकमा पत्रकारका रूपमा पनि कार्यरत छु । यस्तै, *नयाँ खबरकागज* साप्ताहिकमा समाचार लेखनको काम गर्दैआएको छु । तर यसमा भने मैले समाचार मात्र लेख्ने हो, कम्प्युटरको काम अरूले नै गर्छन् । नियमित यी दुई

पत्रिकाभन्दा बाहेक भ्याएसम्म र पार्टटाइमका रूपमा आइपर्ने अन्य पत्रपत्रिकातिर लेखनदेखि डिजाइनसम्मका काम पनि गरिरहेको छु ।

पत्रकारिता आचारसंहिताको हवाला दिँदै यहाँनेर प्रश्न उठाउन सकिन्छ कि एउटै व्यक्तिले दुईओटा पत्रिकामा काम गर्न मिल्छ र ? हो, मिल्दैन । तर यो बाध्यता हो, धेरै पत्रकार तथा सञ्चारमाध्यममा काम गर्ने म जस्ताको । यदि कसैले ऐनअनुसार न्यूनतम पारिश्रमिक (बढी होइन) पाउँछ र एउटै सञ्चार मध्यममा मात्र काम गर्छ भने ऊ अहिलेको महँगीमा बाँच्न सक्दैन । अर्काको दुःख र पीडा सुन्ने र लेख्ने पत्रकारको पीडा सुन्ने, सुनाउने र सुनिने प्रभावकारी ठाउँ नभएकाले यसो भएको हो । तर यथार्थ यही हो । त्यसैले धेरै पत्रकारहरू पत्रकारिता गरेर भन्दा पनि अन्य पेसा गरेर नै बाँच्न बाध्य छन् । किनकि हाम्रो देशमा पत्रकार तथा कुनै श्रमजीवीले धेरै ठाउँमा काम गर्नु हुँदैन भनेर बन्देज लगाउने आचारसंहिता छ तर कुनै पनि व्यक्तिले भोकै मर्नु हुँदैन भनेर रोक्ने कानुन छैन । मेरै व्यक्तिगत कुरा गरौँ । रातदिन नभनी विभिन्न पत्रिकामा काम गरेर पनि निम्नस्तरको जीवनबाट माथि उठेर एउटा मध्यमस्तरको जीवन निर्वाह गर्न सक्ने रकम कमाउन सकेको छुइनँ । *हिमालिनी* मासिकबाहेक अन्य पत्रिकाबाट ऐनले तोकेको न्यूनतम पारिश्रमिक पाउँदिनँ । ती पत्रिकामा मैले दिने समय पनि कमै छ । अर्को कुरा ऐनले तोकेबमोजिम तथा त्योभन्दा बढी पारिश्रमिक दिन्छु तर पूरा समय आफ्नै सञ्चारमाध्यममा मात्र काम गर्नुपर्छ भनेर भन्न सक्ने र त्यहीअनुसारको काम दिन सक्ने सञ्चारमाध्यम पनि धेरै छैनन् ।

यसरी पत्रिकामार्फत हकरदेखि डिजाइनिङ र समाचार लेखनसम्म आइपुग्न मलाई पाँच वर्ष लाग्यो । अझ भनौँ, मेरो कार्यदक्षता भनेको लेखनभन्दा पनि 'डिजाइनिङ' नै हो । तर पनि मैले जानेको विषय तथा बिटमा राम्रैसँग समाचार लेख्न सक्छु भन्ने हिम्मत राख्छु । समाचारका लागि मैले आमपत्रकारले जस्तो कसैको प्रवचनसभा खोज्दै तथा नेताहरूको पछाडि दौडिदै हिँडेको छैन । न त कुनै खोजी-पत्रकारिता नै गरेको छु । त्यसैले यदि समाचार लेख्न र विश्लेषण गर्न सक्ने क्षमता हुनुलाई मात्र पत्रकारिता भनिँदैन भने मलाई 'पत्रकार' होइन भन्दा पनि हुन्छ । यदि त्यसो नै हो भने अध्ययनको यकिन तथ्यांक त छैन, तर पनि म दाबीका साथ भन्न सक्छु कि अहिले आफूलाई पत्रकार भन्नेमध्ये ५० प्रतिशतभन्दा बढी वास्तविक पत्रकार होइनन् । किनकि मैले जानेसम्म धेरै साप्ताहिक, मासिक तथा सन्ध्याकालीनजस्ता दैनिक पत्रिकाका पत्रकार म जस्तै हुन्, जो रिपोटिङ गर्न प्रायः फिल्डमा जाँदैनन् । कोही कोही जालान्, त्यो अलग कुरा ।

समाचार टाइपिङ तथा डिजाइनिङ र नेताहरूको भाषणसभामा हुने आक्कल-झुक्कल मेरो उपस्थितिले नै मलाई पत्रकारिता सिकाएको हो । मैले क्याम्पसमा पत्रकारिता लिएर पढेको होइनँ । पढाइको विषय त मेरो शिक्षा (बीएड) हो । न त कतै गएर पत्रकारिताको तालिम नै लिएको छु । पत्रकारितासम्बन्धी मैले जति जानेँ, काम गरेरै जानेँ । मसँग पत्रकारितासम्बन्धी प्रशस्त सैद्धान्तिक ज्ञान नहोला तर पत्रकारिता मूल विषय लिएर पाँच वर्ष क्याम्पसमा अध्ययन गरी 'कार्यमूलक पत्रकारिता' गर्न आउने धेरै साथीहरूलाई मैले पत्रकारिता सिकाएको छु ।

## यात्रा रहेछ जिन्दगी

जीवनमा कम्प्युटर अपरेटर तथा पत्रकार बन्ने उद्देश्य राखेर यो क्षेत्रमा प्रवेश गरेको थिइनँ । समयअनुसार विगतमा धेरै किसिमका जीवनशैलीको परिकल्पना गरियो, जुन उल्लेख गरेर साध्य छैन । मेरो पारिवारिक पृष्ठभूमि, बाल्यकाल तथा संगत अहिलेका बच्चाले जस्तो बोली फुट्दै 'म डाक्टर बन्ने' तथा 'इन्जिनियर बन्ने' भन्ने किसिमको थिएन । परिस्थितिले नै यहाँसम्म ल्याइपुऱ्याएको हो । त्यसैले हकर हुँदाका ती दिनलाई मात्र होइन, सिंगो जिन्दगीको प्रत्येक पललाई सम्झँदा जिन्दगी एउटा यात्रा रहेछ भन्ने लाग्छ । काठमाडौँका सडक-सकडमा दौडिएर चिच्याउँदा होस् या अहिले कुर्सीमा बसेर औँलाले की-बोर्ड र माउस दबाइरहँदा तीता-मीठा अनुभूति अटेसमटेस आइरहन्छ । तर अन्य मानिसले भन्ने गरेजस्तो मैले जिन्दगीको भोगाइबाट जीवनको कायापलट हुने गरी त्यस्तो कुनै शिक्षा प्राप्त गर्न सकेको छैन ।

आफूसँग जोडिन आइपुगेका सकारात्मक तथा नकारात्मक घटनाले प्रदान गर्ने अनुभूतिबाट जीवनलाई केही व्यवस्थित र सहज बनाउन सकिन्छ कि भन्नेसम्म लाग्छ । तर मसँग उदाहरण दिएर भन्न मिल्ने त्यस्तो कुनै घटना छैन, जसले जीवनमा ठूलो परिवर्तन ल्याएको होस् । हुन त कुनै समय हकर भएर सडक-सडक दौडिने व्यक्ति अहिले कुर्सीमा बसेर कप्युटर चलाउँछ भन्दा ठूलो अन्तर देखिएला । तर यो अचानक भएको परिवर्तन होइन । जीवनको क्रियाशीलताले ल्याएको परिवर्तन हो । आफू जुन स्थानमा होइन्छ, त्योभन्दा कम्तीमा एक स्टेप माथि जाने योजनासहित परिश्रम गर्ने हो भने जुनसुकै क्षेत्रमा पनि क्रमिक सुधार हुन्छ भन्ने लाग्छ । त्यसैले त जिन्दगी यात्रा हो, जुन दिन यात्रा सकिन्छ, जिन्दगी पनि सकिन्छ । अर्थात् जुन दिन जिन्दगी सकिन्छ, यात्रा पनि सकिन्छ । यात्रा जारी रहुन्जेल केही फरक र भिन्न ठाउँमा पुग्नु अनौठो होइन ।




## चौतारी पुस्तक शृङ्खला – ६०

मार्टिन चौतारीका मिडिया अनुसन्धानकर्ता देवराज हुमागाईं, शेखर पराजुली, हर्षमान महर्जन र अर्जुन पन्थीद्वारा लिखित पुस्तक *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखा*ले मिडियाका जनशक्तिलाई लक्षित गरेर नेपालमा भइरहेका मिडिया तालिमको साङ्गोपाङ्गो जानकारी दिन्छ । पुस्तक सात अध्यायमा विभाजित छ । नेपालमा मिडियासम्बन्धी के-कस्ता तालिम भइरहेका छन्, तिनका विषयवस्तु वा पाठ्यक्रम कस्ता छन्, तालिम दिने र लिने प्रक्रियामा को-को सहभागी छन्; यी र यस्तै जिज्ञासाहरूको समाधानका लागि पुस्तक पठनीय छ । पुस्तकले तालिमका लागि आर्थिक स्रोत कसरी जुटिरहेको छ र तालिमका उपलब्धिबारे सम्बन्धित क्षेत्रका व्यक्तिहरूको धारणा के छ भन्ने सम्बन्धमा पनि विशद अध्ययन प्रस्तुत गरेको छ । पत्रकारिताको औपचारिक शिक्षण र तालिमको अनौपचारिक प्रशिक्षणबीचको निकटता र दूरता केलाउँदै विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको मिडिया पाठ्यक्रमको विवेचनासमेत गरिएको छ ।

प्रस्तुत पुस्तकले नेपालमा मिडिया तालिमको अभ्यासका क्रममा देखिएका सकारात्मक र कमजोर प्रवृत्तिबारे वस्तुगत मूल्याङ्कन प्रस्तुत गरेको छ । मिडियासम्बन्धी तालिममा संलग्न प्रशिक्षक र प्रशिक्षार्थी, अध्ययनमा संलग्न विद्यार्थी र प्राध्यापकका साथै पत्रकार र जिज्ञासु सबैका लागि पुस्तक पठनीय र उपयोगी छ ।